# आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम

**नगरसभाका सदस्यहरु,**

गल्याङ नगरपालिकाको नगरसभाको बैठकमा आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । मुलुकमा स्थिर सरकार निर्माण गरि नेपालको सम्वृद्धिका लागि योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरुलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु । संबैधानिक व्यवस्था बमोजिम गठन भएको स्थानीय तह जनताको त्याग, बलिदान र संघर्षको उपलब्धि हो । नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटकपटक गरेका एतिहासिक जनआन्दोलनहरु, जनयुद्ध र मधेस आन्दोलनको क्रममा जीवन उत्शार्गगर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिद प्रति सम्मान व्यक्त गर्दछु । जनताको सेवा, सुरक्षा र सम्वृद्धिका लागि यस नगरपालिकाले प्रतिबद्धताका साथ कुशल व्यवस्थापकिय नेतृत्व लिनेछ । स्थानीय तहको अधिकार सुचिभित्रका व्यवस्थाहरुलाई कार्यान्वयन गर्दै सहभागितामुलक शासन व्यवस्था स्थापित गरिनेछ । सबै प्रकारका विभेद अन्त्य गरि समन्यायिक रुपमा विकासको मूल प्रवाहमा ल्याई सम्बृद्ध समाज निर्माण गर्ने नगरपालिकाको नीति हुनेछ । हाम्रो नगरपालिका प्राकृतिक सुन्दरता, श्रोत साधन र संस्कृतिक विविधताले भरिपुर्ण छ । यी हाम्रा साझा सम्पत्ति सभ्य र सुसंस्कृत समाज निर्माणमा परिचालन गरिनेछ । यसका लागि सबै राजनीतिक दल, निजि क्षेत्र, नागरिक समाज र संचार जगतको साथ एवं सहयोगको लागि आह्वान गर्दछु । समग्र रास्ट्रको विकास, प्रादेशिक विकास र नगरको विकास व्यवस्थापनमा नीतिगत सामन्जस्यता र रणनीतिक साझेदारी को नीति अवलम्बन गरिनेछ । दिगो विकासका लक्ष्य प्राप्तिका लागि सार्वजनिक, निजि र सहकारी तथा सामुदायिक क्षेत्रको सहभागितामा सम्बृद्धिका आधारहरु तय गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा जोड दिइनेछ । सवल र सम्वृद्ध नगर निर्माणका लागि यस नीति तथा कार्यक्रमले संबैधानिक व्यवस्था, दिगो विकास लक्ष्य, संघ र प्रदेशले लिएका नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिइएको छ।

नगरसभाका सदस्यहरु ,

अब म विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु ।

## १. आर्थिक विकास

आर्थिक विकासको आधारको रुपमा लगानीमैत्री वातावरण सिर्जना गरि कृषि, पशुपालन र सिचाइका साथै पर्यटन पुर्वाधारको विकास गरी निजि तथा सहकारी क्षेत्रको प्रवर्धन मार्फत उद्योग तथा वाणिज्य क्षेत्रको शुदृढीकरण गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा बिशेष जोड दिइनेछ ।

### कृषि तथा पशुपालन

- कृषक समूह एवं कृषि सहकारी संस्थाहरूलाई कृषि प्रसार कार्यक्रमको सम्वाहकको रुपमा अंगीकार गरि कृषि विकास कार्यक्रम सञ्चालन गर्ने र क्रमिक रूपमा कृषकहरूलाइ कृषि सहकारीमा परिणत गर्दै लगिनेछ ।
- नगरपालिका भित्रका दुइवटा वडाबाट नगरप्रमुख कृषि कार्यक्रम संचालनार्थ आधुनिक हाइ-टेक प्रविधियुक्त तरकारी खेति पकेट कार्यक्रमको विस्तार साझेदारी अवधारणामा गरिनेछ ।
- कृषि जनशक्तिको क्षमता एवं कार्यदक्षता र रोजगारीका अवसर अभिवृद्धिका लागी रोजगारमूलक व्यवसायिक कृषि तालिम सञ्चालन गरि प्रविधि हस्तान्तरण गरिनेछ ।
- स्थानीय संभाव्यता र तुलनात्मक लाभको आधारमा बाली र वस्तु विशेषका पकेट क्षेत्रहरुको पहिचान गरि संभाव्य बाली र वस्तुको उत्पादन विशिष्टिकरण गरिनेछ ।
- खाद्य तथा पोषण सुरक्षाका दृष्टिकोणबाट संवेदनशील र खाद्यान्न उत्पादन न्यून हुने क्षेत्रहरुमा स्थानीयस्तरमा उत्पादन हुन सक्ने कृषि उपजको उत्पादन तथा उपयोग गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- यातायात सुविधा पुगेका सिंचित क्षेत्रमा बाली विशेषका पकेट प्याकेज कार्यक्रमलाई प्राथमिकता दिने र सिंचाइ, यातायात र अन्य सुविधा नभएका दुर्गम वडाहरुमा स्थानीय संभाव्यताको आधारमा बढी मोल जाने र कम आयतन भएका बाली र वस्तुहरुको उत्पादन तथा प्रवर्दनमा जोड दिइनेछ ।
- उद्यमी कृषक एवं नीजि क्षेत्रको सहभागीतामा कृषि प्रविधिको विकास एवं प्रसार, श्रोत तथा वितरण केन्द्रहरुको विकास एवं विस्तार गरि उत्पादन श्रोत सामग्रीहरुको आपूर्तीमा स्थायित्व ल्याइनेछ ।
- Value Chain को अवधारणामा आधारीत कृषि विकासका कार्यक्रमहरुको छनौट तथा कार्यान्वयन गरि कृषि व्यवसायीकरण तथा बजारीकरणमा जोड दिइनेछ ।
- सार्वजनीक–निजी साझेदारी अवधारणा अनुरुप बजार सूचना प्रवाह एवं पूर्वाधारहरूको विकास गरि उत्पादित कृषि जन्य उपजहरूको बजारीकरणमा टेवा पुऱ्याइनेछ ।

- सहुलियतपूर्ण कृषि ऋण एवं वाली विमाको व्यवस्था र कृषिजन्य उद्योग तथा व्यापारमा कर छुट सुविधा समेतको व्यवस्था गर्न जोड दिइनेछ ।
- श्रम वचतमुखी एवं व्यवसायिक कृषि प्रणालीको विकास गर्न कृषि यान्त्रीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि जैविक विविधतामा आधारीत उत्पादन वृद्धि, रोजगारी एवं आयमुलक कार्यक्रमहरु सञ्चालन गर्न उत्प्रेरित गर्दै तत्सम्बन्धी बजार तथा उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- ग्रामीण क्षेत्रमा कृषि उत्पादनका सामग्री, उपकरण, सूचना, र सञ्चार जस्ता साधनहरु उपलब्ध गराउन सामुदायीक व्यवस्थापनमा आधारीत कृषि स्रोतकेन्द्रहरुको स्थापना र सञ्चालन गरिनेछ ।
- कृषि विकाससंग सम्बन्धित सरकारी, गैर सरकारी र नीजि क्षेत्रका निकायहरुको समन्वयमा लक्षित वर्गको सामाजिक परिचालनमा प्रभावकारीता ल्याइनेछ ।
- करार खेती र सहकारी खेतीलाई प्रोत्साहित गर्दै, कृषि वस्तु विषयगत सहकारी संस्था र ग्रामिण स्तरसम्मका कृषि सहकारीको संरचना सुदृढिकरण गर्दै लगिनेछ ।
- महिला तथा सिमान्तकृत समुदायको उत्थानमा प्राथमिकता दिई कृषि कार्यक्रमहरु मार्फत विषेश अनुदानको व्यवस्था गरिनेछ ।
- कृषिलाई आधुनिक तथा व्यवसायिक बनाउने उद्देश्यका साथ कृषि मेला तथा स्थलगत अनुगमनका आधारमा उत्कृष्ट कृषकलाई नगरप्रमुख पुरष्कारद्वारा सम्मानित गरिनेछ ।
- रेशम खेती कार्यक्रम संचालन गर्न पूर्वाधार सहितको नमूना Model Farm (20 Ropani) विकसित गरी आवश्यक कार्यक्रम तयार गरी कार्यक्रम संचालन गरिनेछ ।
- मौरी विकासको लागि मौरीपालन तालिम र ५० प्रतिशत अनुदानमा मौरीघार वितरण गरिनेछ ।
- पशुपालन व्यबसायलाई विविधिकरण, व्यबसायीकरण, आयमुलक तथा सम्मानित पेशाको रुपमा विकास गरी पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउने र यसको सन्तुलित सेवनबाट कुपोषणको समस्या हटाउदै लगिनेछ ।
- पशुपंछीपालनबाट गरीब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका र महिला वर्गको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिनेछ ।
- पशु रोगहरुको नियन्त्रण सेवामा विस्तार तथा पशु विमा कार्यक्रममा संघ र प्रदेश सरकारसंग समन्वय गरी निशुल्क बिमाको सुविधा दिइनेछ ।
- व्यवसायीक पशुपंछीपालन र कृषि उत्पादन तथा कृषि जन्य उद्योग बीच तादम्यता हुनेगरी कार्यक्रम सञ्चालन गरी स्वरोजगारको अवसरमा वृद्धि गरिनेछ ।
- दुग्ध व्यवसायीबाट उत्पादित दुग्धजन्य पदार्थहरुको मूल्य शृंखलाका आधारमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**सहकारी**

- स्थानीय सहकारी कानूनको कार्यान्वयन गरि सहकारी संस्थाको प्रवर्द्धन तथा नियमनका कार्यक्रम संचालन गरिनेछ ।
- बिषयगत सहकारी संस्थाहरुको समन्वय समिति गठन गरि सहकारीहरुको संस्थागत क्षमता अभिबृदिका कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी सम्बन्धी जनचेतना अभियान तथा क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।
- बेरोजगार श्रमिक, भूमिहीन कृषक, एकल महिलाहरुका सहकारी संस्था गठन, सहकारी व्यावसायिक योजनाका लागि बीउपुँजी, स्थिर पुँजी एवं कार्यक्रम अनुदान संचालन गरिनेछ ।
- सहकारी एवं सामुहिक खेति प्रणालीको निती अवलम्बन गर्दै सहकारी संस्थामा रहेको बचतलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्न "एक सहकारी एक नमुना उत्पादन" कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- सहकारी सस्तो पसल स्थापनाका लागि कार्यवीधि निर्धारण गरि आवस्यक अनुदानको व्यवस्था गरिनेछ ।
- स्थानीय सहकारी कानूनको कार्यन्वयन गरि सहकारी संस्थाको प्रवर्द्धन तथा नियमनका कार्यक्रम संचालन गरिनेछ ।

**पर्यटन**

- सेतिबेणि शिला शालिग्राम, राम नदि धाम, तम्किकोट, भाल्थुमकोट, चन्द्रकोट, ग्वादी, बजादी, केदारनाथ, तार्सेसिद्ध, रानिपोखारा, बंग्राती कालिका, देवीस्थान, गह्रौ सुर, आलमदेवि, जगत्रदेवि, देविभन्ज्याङ, मनकामना मन्दिर, उत्तरवाहिनी खाडा घाट, पाखिचौरलाई विशेष पर्यटन स्थलको रुपमा विकास गरिनेछ ।
- सेतिबेणि शिला शालिग्राम र रामनदी धाममा धार्मिक महोत्सब आयोजना गरी आन्तरिक पर्यटन प्रवर्धन गरिनेछ ।
- व्यवस्थित बस्ति भएको गाउमा ग्रामिण पर्यटन विकास गर्न होमस्टेको व्यवस्था गरिनेछ ।

**उद्योग तथा बाणिज्य**

- प्रदेश सरकारको सहकार्यमा एक उद्योगग्राम स्थापना गरिनेछ ।
- नगर क्षेत्रमा गार्मेन्ट उद्योग स्थापना गर्नका निम्ति सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- लक्षित समुहलाई सिप विकास तथा प्रविधि हस्तान्तरणमार्फत एक घर एक सिप विकास गरी रोजगारी प्रवर्धन गरिनेछ ।
- परम्परागत सिलाई पेशा अंगाल्दै आएका समुदायलाई प्रोत्साहित गर्दै सबै वडामा सिलाई तालिम संचालन गरी उद्यमशिलता विकास गरिनेछ ।
- निकासीजन्य वस्तुहरुको पहिचान गरी उत्पादन तथा प्रषोधन कार्यमा जोड दिइनेछ ।
- नगर भित्रका व्यापार व्यवसायलाई दर्ता , नियमन कार्यमा निरन्तरता दिइ झिटीगुन्टा व्यापार र दर्ता नगरी संचालन गरेका व्यवसायलाई निरुत्साहित गरीनेछ ।
- मदिरा तथा सुर्तीजन्य वस्तु विक्री वितरणलाई कानुन बमोजिम व्यवस्थित गरिनेछ ।

## २. सामाजिक विकास

शिक्षा तथा खेलकुद, स्वास्थ्य, खानेपानी तथा सरसफाई र सामाजिक सुरक्षा कार्यक्रम संचालन गरि सामाजिक विकासका सूचकहरुमा सुधार ल्याइने छ ।

### शिक्षा तथा खेलकुद

- स्थानीय शिक्षा ऐन कार्यन्वयन गरी विद्यालय व्यवस्थापन , शिक्षक दरबन्दी मिलान , नगर क्षेत्रभित्र शिक्षक सरुवा, रिक्त दरबन्दीमा करार शिक्षकको व्यवस्था , नमुना विद्यालयको बिकास, पुर्वप्राथमिक कक्षा विद्यालयहरुमा संचालन, अशक्त विद्यार्थीलाई आवासीय सुबिधा उपलब्ध गराउदै सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमको पढाइका साथसाथै प्राविधिक शिक्षा पठनपाठन सुरुवात गरिनेछ ।
- आधारभुत तथा माद्यमिक शिक्षामा सबैको समान पहुँच बिस्तार गरी जिवनोपयोगी शिक्षा प्रदान गरि स्वरोजगार श्रृजना गर्ने नीति अवलम्बन गरिनेछ ।
- प्रदेश सरकारको सहलगानीमा सार्वजनिक पुस्तकालय स्थापना गरिनेछ ।
- शिक्षकको सिकाई सिपमा सुधार ल्याउन क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।
- नगर क्षेत्रभित्र निजि सरकारी र सहकारी अवधारणामा संचालन हुने एक नमुना विद्यालय स्थापना गरिनेछ ।
- नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयबाट SEE परिक्षामा सर्वोत्कृष्ट हुने विद्यार्थीलाई सम्मान प्रदान गरिनेछ ।
- प्रदेश सरकारसंगको सहकार्यमा दरवन्दी मिलान भई मर्ज भएका विद्यालयहरु र अपांग विद्यार्थीहरुका लागि आवासिय सेवा तथा यातायात व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- प्राविधिक शिक्षा संचालनका लागि आवश्यक शिक्षक दरवन्दी मर्ज भएका विद्यालयबाट फाजिल भएका दरवन्दीबाट व्यवस्थापन गरिनेछ ।
- निवृत्तभरण उमेर पुगेका शिक्षकले स्वेच्छिक अवकाश लिन चाहेका अबस्थामा नगरबाट समेत सम्मानको व्यवस्था मिलाइनेछ ।
- बिद्यार्थीका नजरमा शिक्षक र बिद्यार्थी प्रतिभा पहिचान कार्यक्रम संचालन गर्दै नमुना विद्यालयको शैक्षिक भ्रमण गर्ने व्यवस्था मिलाई शैक्षिक गुणस्तरमा अभिबृदि गरिनेछ ।
- एक वडा एक खेलमैदान निर्माण गर्न संघ र प्रदेश सरकार संग सहकार्य गर्नुका साथै खेलकुद क्षेत्र बिकासका लागि नगर स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- संघिय सरकारसंग समन्वय गरी युवाहरुलाई खेलकुदको विषयमा विषेश शिक्षा उपलब्ध गराउन खेलकुद विश्वविद्यालयको सम्बन्धनमा खेलकुद एकेडेमी संचालनको पहल गरिनेछ ।
- असल खानपान र शारीरिक तन्दुरुस्ति संबन्धि शिक्षाका लागि एक विद्यालय एक योग गुरु बनाउन योगा प्रशिक्षक प्रशिक्षण संचालन गरिनेछ

### स्वास्थ्य

- आधारभुत स्वास्थ्य सेवामा नगरबासिको सहज पँहुचका लागि संघ र प्रदेशको सहकार्यमा ५० शैया अस्पताल स्थापना गरिनेछ ।
- गर्भवती माहिला, नवजात शिशु तथा सुत्केरी आमाको स्वास्थ्य सुधारका कार्यक्रम संचालन गरिनेछ ।
- संघ र प्रदेश सरकारको सहकार्यमा स्वास्थ्य बिमा कार्यक्रम लागु गरी स्वास्थ्य सुरक्षण प्रदान गरिनेछ ।
- अति विपन्न नागरिकलाई स्वास्थ्य बिमा प्रिमियममा ५० प्रतिसत अनुदान प्रदान गरिनेछ।
- यस नगरपालिकालाई पुर्ण खोपयुक्त नगर घोषणा गरि सोको दिगोपना सुनिश्चित गरिनेछ ।
- हरेक वडामा स्वास्थ्य चौकी र नगरमा आयुर्बेद औषधालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
- स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र सोको ब्यबस्थापन समितिको  क्षमता विकास गरि नगरपालिका को अनुगमन लाई प्रभावकारी बनाइनेछ ।

- बिद्यालयमा स्वास्थ्य शिक्षा र गाउमा गाउँघर क्लिनिक तथा स्वास्थ्य शिबिर अभियानका रुपमा संचालन गरिनेछ ।
- नगर क्षेत्रभित्र **"छुर्पि खाउँ सुर्ती हटाऊ"** अभियानलिइ युवाहरुलाई धुम्रपान, मद्यपान तथा लागूऔषध प्रयोगमा निरुत्साहित गरिनेछ ।

**सामाजिक सुरक्षा**

- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत उपलब्ध गराउदै वित्तीय संस्थासंग सहकार्य गरी नागरिक पँहुचमा सेवा विस्तार गरिनेछ ।
- ५० बर्षभित्रका एकल महिलाहरुलाई सहकारीमा आबद्ध गराई क्षमता विकास गर्दै आत्मनिर्भर गराउन सामुहिक व्यवसायका लागि अनुदान उपलब्ध गराइनेछ ।
- अपांग, अश्हाय, एकल महिला, अती विपन्न र सुकुम्बासी नागरिकलाई आर्थिक विकासको कृयाकलापमा प्रोत्साहित गर्न उद्यमशिलता अनुदानको व्यवस्था गरिनेछ ।
- ८४ वर्ष पार गरेका जेष्ठ नागरिकहरुलाई सम्मान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- ७५ वर्ष नाघेका जेष्ठ नागरिकहरुसंग नगरप्रमुखको भेटघाट कार्यक्रम संचालन गरी अनुभव तथा सुझाब संकलन गरिनेछ ।
- समाजमा ब्याप्त दाइजो प्रथा, बोक्सी प्रथा जस्ता सामाजिक कुरिती हटाउन सामाजिक व्यवहार सुधारका कार्यक्रममा जोड दिइनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन गरी विद्यालय, बस्ति र वडा हुँदै नगरलाई बालमैत्री नगर घोषणा गर्ने निति अवलम्बन गरिनेछ ।
- अधिकांष विपन्न , दलित र जनजाति विद्यार्थी रहेका विद्यालयमा दिवा खाजा कार्यक्रम संचालन गरिनेछ ।
- दलित , जनजाती र महिलाहरुको जिवनस्तर सुधारका लागि समुह तथा सहकारीमा आवद्ध गराउदै विभिन्न क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र रहेका जातजाति मध्य मगर जातिको वाहुल्यता रहेको हुँदा मगर भाषालाइ सरकारी कामकाजको बैकल्पिक भाषाको रुपमा विकास गर्दै लगिनेछ ।
- सांस्कृतिक र धार्मिक विविधतालाई नगरको सम्पदाको रुपमा अंगाल्दै यिनलाई संरक्षण र सम्वर्धन गर्ने नीती लिइनेछ ।
- लैंगिक हिंसा अन्त्य गर्न सचेतना कार्यक्रम संचालन गरी लैंगिक हिंसा मुक्त नगर घोषणा गर्ने तयारी गरिनेछ ।
- परम्परागत पेशा , संस्कृतिलाई संरक्षण गर्दै सामाजिक अध्ययन अनुसन्धान कार्यलाई अघि बढाइनेछ ।
- बिकासमा लैंगिक समानता र सामाजिक समावेशीकरणको निती अवलम्बन गरिनेछ ।

**खानेपानी तथा सरसफाइ**

- स्वच्छ खानेपानीको सहज पँहुचका लागि एक घर एक धारा कार्यक्रमलाई बिस्तार गरिनेछ ।
- खानेपानीका मूल संरक्षण गर्दै साझा सम्पदाको रुपमा विकास गरिने छ ।
- पुर्ण सरसफाइयुक्त बस्तिहरुको घोषणालाई निरन्तरता दिदै पुर्ण सरसफाइयुक्त नगर बनाउने गरी सरसफाइको कार्यक्रमका साथ सचेतना बिस्तार गरिनेछ ।
- सरसफाइको पहिलो सर्त खानेपानी भएकोले खानेपानी व्यवस्थापनका लागि सहकार्य गर्न आवश्यक समपुरक कोषका लागि खानेपानी बिकास कोष स्थापना गरिनेछ ।
- निर्माण भएका सार्वजनिक शौचालयलाई थप व्यवस्थित गर्दै आवश्यकता अनुसार निर्माण गर्दै लगिनेछ ।

**३. पुर्वाधार विकास (सडक, पूल, सिंचाइ, भवन, ढल, संचार )**

- पुर्वाधार विकास सम्बन्धी नीति , गुरुयोजना तथा मापदण्ड बनाई लागु गरिनेछ।
- पुर्वाधार विकास कार्य वातावरण मैत्री , अपांग मैत्री , महिला तथा बाल मैत्री बनाइनेछ ।
- आधिखोला जलाशययुक्त जलबिधुत आयोजना सार्वजनिक , निजि र सहकारी सिद्धान्त अनुसार निर्माणका लागि संघ र प्रदेश सरकारसंग पहल गरिनेछ । सो आयोजनाबाट स्थानीयबासिमा पर्ने प्रभाव मुल्यांकन गरी उपयुक्त क्षतिपूर्तिको व्यवस्था सुनिस्चितताको पहल गरिनेछ ।
- नगर क्षेत्रभित्र स्थानीय सडक , पक्कि पुल , झोलुंगे पुल , सिंचाई कुलो तथा पोखरी , सार्वजनिक तथा सामुदायिक भवन निर्माणमा जोड दिदै वस्ति बिकास , ढल निकास र सहरी विकासका कार्यक्रमको बिस्तार गरिनेछ ।
- नगरपालिकाभित्र नया सडक निर्माण गर्दा स्वीकृति लिएर मात्र निर्माण गर्नुपर्ने निति अवलम्बन गरिनेछ ।
- बैकल्पिक उर्जाको विकासमा समेत आवश्यक अध्ययन सुरु गरिनेछ ।
- सूचना तथा संचार प्रविधिलाई पूर्वाधार विकास संगैसंगै प्रयोगमा लगिनेछ ।
- नगरस्तरीय सडकलाई मापदण्ड अनुसार विस्तार र स्तरोन्नति गरी राष्ट्रिय राजमार्गको भरपर्दो फिडरको रुपमा बिस्तार गरिनेछ । मापदण्ड नपुगेका सडकलाई गोरेटो बाटोको रुपमा नामाकरण तथा विकास गरिनेछ ।

- आगामी ५ वर्ष भित्र वडाका केन्द्रलाई कालोपत्रे सडकले जोड्न संघ र प्रदेशसंग सहकार्य गरिनेछ ।
- पूर्वाधार विकासमा सार्वजनिक निजि साझेदारीलाई प्रोत्साहित गर्दै लागत सहभागितामा उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वियन गरिनेछ ।
- नगरपालिकाको केन्द्र रहेको गल्याङ बजारको खानेपानी तथा ढल निकासको समस्या समाधान गरी सार्वजनिक शौचालय सहितको बसपार्क निर्माण गर्दै बजारलाई व्यवस्थित र पूर्वाधारयुक्त बनाइनेछ ।
- नगर क्षेत्रभित्र नमुना वस्तिको विकाससंगै वस्ति व्यवस्थापनलाई गुरु योजना मार्फत व्यवस्थित गरिनेछ ।
- नगरपालिकाका मेशिनरी औजार प्रयोग गरि स्थानीय सडकहरुको बिस्तार तथा स्तरोन्नति गरिनेछ ।
- कार्यविधिबाट व्यवस्थित हुनेगरी पूर्वाधार विकास कोष स्थापना गरी विभिन्न आयोजनाहरुमा समपुरक कोषको रुपमा परिचालन गरिनेछ ।
- गल्याङ निवुवाखर्क रुपाखानी मोहनडाडा जलुके तम्किकोट श्यालबास हुँदै सेतिबेणी जोड्ने सडक , गल्याङ कल्लेरी भन्ज्याङ पिडिखोला हुँदै सेतिबेणी जोड्ने सडक र गल्याङ तुलासिभंज्यांग तिन्दोबाटे हुँदै पकवादी जोड्ने सडक नगर गौरवको आयोजनाको रुपमा कार्यान्वियन गरिनेछ ।
- पुर्वाधार विकास आयोजनाहरुमा उपभोक्ता समितिको २० प्रतिशतसम्म जनसहभागिता र सहकारी संस्थाको ३० प्रतिशत सहभागिता परिचालन गरिनेछ ।
- सडक, ढलनिकास, खानेपानी, सिंचाई लगायतका पुर्बाधारमा ५० प्रतिशत नागरिक सहभागिता परिचालन गरिनेछ ।

**४.बन, वातावरण तथा विपद व्यवस्थापन**

- दिगो विकासको लक्ष अनुरुप बन तथा भुसंरक्षण , जलाधार संरक्षण तथा जलउत्त्पन्न प्रकोप नियन्त्रण ,जलबायु परिवर्तन अनुकुलिक बातावरण संरक्षण , फोहोरमैला व्यवस्थापनका साथै विपद व्यवस्थापनमा जोड दिइनेछ ।
- स्वच्छ र हरियाली वातावारणका लागि सार्वजनिक स्थलमा वृक्ष्यारोपन गर्दै आधुनिक उद्यानको निर्माणमा जोड दिइनेछ ।
- समुदायमा आधारित बन व्यवस्थापनलाई थप प्रभावकारी बनाउदै बनक्षेत्रमा रहेका जडिबुटी पहिचान,संकलन र बजारीकरणका लागि आवस्यक अध्ययन कार्य आगाडी बढाइनेछ ।
- वातावरण संरक्षण तथा विपद व्यवस्थापनका लागि कार्यविधिबाट व्यवस्थित गर्ने गरी विपद व्यवस्थापन कोष स्थापना गरी परिचालन गरिनेछ
- वातावरण संरक्षण, शहर एवं वस्ति सरसफाईका साथै विपद व्यवस्थापनमा युवा स्वयंसेवकको परिचालन गरिनेछ ।
- नगर क्षेत्रमा फोहोरमैला व्यवस्थापन कार्यलाई थप प्रभाबकारी बनाइनेछ ।

**५.संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- नगरपालिकाबाट नगरबासिका लागि प्रभावकारी सेवा प्रवाहका लागि जनसहभागिता, सेवा प्रवाह बिधि, संरचनागत व्यवस्था, सेवाको सुरक्षा जस्ता पक्षहरुलाई अंगिकार गरिनेछ ।
- सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाई सरलीकृत गरिनेछ ।
- सूचना प्रविधिमा आधारित राजस्व संकलन तथा आम्दानि खर्चको लेखांकन गरिनेछ ।
- नगरपालिकाले सम्पादन गरेका कार्यहरु पारदर्शी बनाउन वेबसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिदै विधुतीय शासनको अवधारणा अवलम्वन गरिनेछ ।
- Group SMS सेवा सुरु गरेर महत्वपूर्ण सूचना तथा मिटिंग, भेला एवं अन्य कार्यक्रमको जानकारी मोबाइलमा आउने गराइनेछ ।
- नगरपालिकाको इन्टरनेट स्पीड बढाएर कार्यालय परिसरमा फ्री वाईफाईको व्यवस्था गरिनेछ ।
- विधुतीय शासन को महत्वपुर्ण साधन को रुपमा गल्याङ नगरपालिकाको एन्ड्रोइड एप्लिकेसन बनाएर लागु गरिनेछ ।
- नगरपालिकाले सम्पादन गर्ने कार्यहरुमा विचौलियाको प्रभाव शुन्य गर्न स्थापना गरिएको हेल्प डेस्कलाई र गुनासो सुन्ने अधिकारीको कामकाजलाई प्रभावकारी बनाइनेछ । हेल्प डेस्कमा टोल फ्री नम्बरको टेलिफोन सेवा जडान गर्ने नीति लिइनेछ ।
- नगरपालिकाले सम्पादन गर्ने कार्य वा सम्पन्न भैसकेको कार्यहरुको विवरण समयमै आम साधारणमा पुर्याउनको लागी स्थानीय एफएम संग समन्वय गरी नियमित रेडियो कार्यक्रम चलाउने नीति अंगिकार गरिनेछ ।
- स्थानीय संचार माध्यमसंगको सहकार्यमा नगरबासीसंग नगर प्रमुख कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय संचार माध्यमलाई प्रवर्धन गर्दै सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरपालिकाको सुचना तथा अभिलेख केन्द्र स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।
- यस नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा रहेका नागरिक वडापत्रहरुलाइ अध्यावधिक गरिनेछ ।
- नगरसभा तथा कार्यपालिकाबाट नयाँ कानून निर्माण तथा पुराना कानून परिमार्जन गरि कानुनको शासन स्थापित गर्दै भ्रष्टाचार विरुद्ध सुन्य सहनशीलताको नीति अनुसरण गरिनेछ ।

- नगरसभा वा कार्यपालिकाले अनुमोदन गरेका ऐन, नीति, नियम, निर्देशिका, कार्यविधि, आदेशपत्र वा नगरपालिकाले प्रदेश सरकार, नेपाल सरकार वा अन्तरास्ट्रियसंग गरेका सम्झौताहरु राजपत्रमा प्रकाशित गरि सर्वसाधारण समेतलाइ नियमानुसारको शुल्कमा उपलब्ध गराइनेछ ।
- नगरपालिकाले सम्पादन गर्ने कार्यको हकमा आम नगरवासी र कार्य सम्पादन गर्दा पालनागर्नुपर्ने आचरण एवं आचारसंहिताको विषयमा पदाधिकारी, कर्मचारी र उपभोक्ता समितिका पदाधिकारीलाइ अभिमुखीकरण तालिम संचालन गरिनेछ ।
- यस नगरपालिकाको प्रथम नगरसभाबाट अनुमोदित "भ्रष्टाचार मुक्त शुसासन युक्त शहर- गल्याङ नगरपालिकाको रहर" भन्ने नाराको भाव नै सुशासनमा जोड दिने भन्ने रहेकोले शुसासन कायम गर्न यथासक्य सबै उपायहरु अपनाउने नीति लिइनेछ ।
- नगरपालिका अन्तर्गत कार्यरत उत्कृष्ट कार्यसम्पादन भएका  कर्मचारी तथा शिक्षकलाई प्रोत्शाहन स्वरुप सम्बन्धित विषयगत शाखा प्रमुख र प्रमुख प्रशासकिय अधिकृतको सिफारिसमा  नगरप्रमुख पुरष्कार प्रदान गरिनेछ ।
- नगरपालिकाको कार्यालय भवन र वडा कार्यालय भवन नभएका वडाहरुमा जग्गा प्राप्ति गरी भवन निर्माण कार्य आगाडी बढाइनेछ ।
- सेवा प्रवाहमा आवश्यक श्रोत साधनको व्यवस्थापन गरी सम्पुर्ण कर्मचारीलाई प्रोत्साहित गर्दै प्रभावकारी रुपमा जनमुखी सेवा प्रवाह गरिनेछ ।
- सरकारी खर्च व्यवस्थापनलाई नतिजामुलक बनाउदै आन्तरिक श्रोत परिचालनमा वृद्धि गरिनेछ ।
- संघ र प्रदेशको सहकार्यमा धुम्रपान तथा मद्यपान प्रयोगको नियमन गरी सार्वजनिक स्थललाई धुम्रपान तथा मद्यपान मुक्त क्षेत्र बनाइनेछ ।

**नगरसभाका सदस्यहरु,**

यि नीति तथा कार्यक्रम प्रस्ताव गर्दा संघ, प्रदेश र स्थानीय श्रोत साधनको परिचालन गरी विकासलाई समावेशी र समन्यायिक बनाउदैं जनशक्ति विकास, रोजगारी श्रृजना र शुसासन कायम गर्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखिएको छ । वर्तमान राजनीतिक उपलब्धिलाई संस्थागत गरी मुलुकको समग्र आर्थिक-सामाजिक विकासमा आआफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने जनप्रतिनिधि,राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचारजगत तथा सम्पुर्ण नगरवासीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**